**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा**
**दर्ता नं. ८४/०८२, दर्ता मिति २०८२।१२।०१**

# शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान कार्यविधि, २०८२

**आयोगबाट स्वीकृत मिति**
२०८२।०३।२५

**संशोधनः**

| | |
|---|---|
| शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान (पहिलो संशोधन) कार्यविधि, २०८२ | २०८२।११।२८ |

**प्रस्तावनाः** राष्ट्रसेवकको शैक्षिक योग्यताको प्रमाणपत्रको सम्बन्धमा परेको उजुरीको छानबिन तथा अनुसन्धान प्रक्रियालाई छिटो, छरितो एवं प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि आयोगको आन्तरिक कार्य सञ्चालनमा लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्झनु पर्छ। सो शब्दले आयोग मातहतको कार्यालय र सम्पर्क कार्यालय समेतलाई जनाउँछ।

(ख) "प्रमाणपत्र" भन्नाले शैक्षिक योग्यताको प्रमाणपत्र सम्झनु पर्छ। सो शब्दले राष्ट्रसेवकको ओहोदा वा लाभ पाउने उद्देश्यले पेश गरेको समकक्षताको प्रमाणपत्र, अध्यापन अनुमतिपत्र, नेपाल इन्जिनियरिङ काउन्सिल, नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ्ग काउन्सिलबाट जारी भएको प्रमाणपत्र वा यस्तै प्रकृतिको अन्य प्रमाणपत्र समेतलाई जनाउँछ।

(ग) "शैक्षिक संस्था" भन्नाले प्रमाणपत्र जारी गर्ने विश्वविद्यालय, बोर्ड, परिषद्, समिति वा यस्तै प्रकृतिको कानून बमोजिम स्थापित अन्य निकाय समेतलाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ४ को उपदफा (३) बमोजिमको अनलाइन प्रमाणीकरण समन्वय समिति सम्झनु पर्छ।

३. **प्रमाणपत्र प्रमाणीकरण प्रक्रियाः** (१) राष्ट्रसेवकको प्रमाणपत्र सम्बन्धी उजुरी आयोगमा दर्ता भइसकेपछि छानबिन गर्नुपर्ने देखिएमा सम्भव भएसम्म निज कार्यरत निकाय भन्दा माथिल्लो निकायबाट प्रमाणपत्रको प्रमाणित प्रतिलिपि झिकाउनु पर्नेछ।

तर छानबिनको क्रममा आयोगमा उजुरी दर्ता नभएको प्रमाणपत्र समेत छानबिन गर्नुपर्ने देखिएमा त्यस्ता प्रमाणपत्र जुनसुकै निकायबाट झिकाउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रमाणपत्र स्वदेशी शैक्षिक संस्थाबाट जारी भएको देखिएमा प्रमाणीकरणको लागि सम्बन्धित शैक्षिक संस्थामा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम झिकाइएका प्रमाणपत्र भारतस्थित शैक्षिक संस्थाबाट जारी भएको देखिएमा उक्त प्रमाणपत्र सम्बन्धित शैक्षिक संस्थाबाट प्रमाणीकरण गरी सोको विवरण आयोगमा पेश गर्न त्रिभुवन विश्वविद्यालय वा राष्ट्रिय परीक्षा बोर्डमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम झिकाइएका प्रमाणपत्र नेपाल र भारत बाहेक अन्य राष्ट्रस्थित शैक्षिक संस्थाबाट जारी भएको देखिएमा उक्त प्रमाणपत्र प्रमाणीकरण गरी सोको विवरण आयोगमा पेश गर्न त्रिभुवन विश्वविद्यालय वा राष्ट्रिय परीक्षा बोर्डमार्फत परराष्ट्र मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(५) सम्बन्धित शैक्षिक संस्थामा नै गएर प्रमाणपत्र प्रमाणीकरण गर्नको लागि आयोगले आवश्यकता अनुसार प्रमाणीकरण टोली खटाउन समेत सक्नेछ।

(६) उजुरीसँग सम्बन्धित प्रमाणपत्र प्रमाणीकरणको लागि पत्राचार, इमेल वा अन्य सूचना प्रविधि प्रणालीको समेत प्रयोग गर्न सकिनेछ।

(७) उपदफा (२), (३) र (४) बमोजिम पठाइएका प्रमाणपत्र सम्बन्धित शैक्षिक संस्थाबाट प्रमाणित भई आएमा आयोगले उक्त उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गर्न सक्नेछ।

♣(८) उपदफा (२), (३) वा (४) बमोजिम प्रमाणीकरणको लागि पठाइएको प्रमाणपत्र प्रमाणित नभएको विवरण प्राप्त भएमा आयोगले त्यस्तो प्रमाणपत्र सम्बन्धी उजुरी उपर विस्तृत अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० बमोजिम अनुसन्धान अधिकृत तोक्नु पर्नेछ।

(९) ▽.........

♣(१०) उपदफा (२) वा (३) बमोजिमको प्रमाणपत्र प्रमाणीकरण भइसकेको तर उपदफा (४) बमोजिमको सोही व्यक्तिको अन्य प्रमाणपत्रको प्रमाणीकरण हुन बाँकी रहेमा त्यस्तो प्रमाणपत्रको प्रमाणीकरण विवरण प्राप्त भएका बखत प्रचलित कानून बमोजिम हुने गरी आयोगले त्यस्तो उजुरीलाई मुलतबीमा राख्नु पर्नेछ।

(११) नेपाली र अङ्ग्रेजी भाषा बाहेक अन्य भाषामा जारी भएको प्रमाणपत्र अध्ययन तथा प्रमाणीकरण सम्बन्धी कार्यको लागि आयोगको निर्णय बमोजिम सम्बन्धित विज्ञको राय लिई छानबिन प्रक्रिया अगाडि बढाउन सकिनेछ।

४. <u>सूचना प्रविधि प्रणालीको माध्यमबाट प्रमाणीकरणः</u> (१) स्वदेशी शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र उक्त संस्थाको सूचना प्रविधि प्रणालीमा राखिएको प्रमाणपत्रको विवरणसँग भिडे वा नभिडेको यकिन गरी अनलाइनको माध्यमबाट प्रमाणीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दा प्रमाणित भएमा र उक्त उजुरीसँग सम्बन्धित अन्य प्रमाणपत्र छानबिन गर्नुपर्ने नदेखिएमा त्यस्तो उजुरीलाई आयोगले तामेलीमा राखी लगत कट्टा गर्न सक्नेछ।

(३) विदेशस्थित शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र सम्बन्धित शैक्षिक संस्थाको सूचना प्रविधि प्रणालीमा राखिएको अनलाइन प्रमाणपत्रको विवरणसँग भिडे वा नभिडेको यकिन गर्न देहाय बमोजिमको एक अनलाइन प्रमाणीकरण समन्वय समिति रहनेछः-

(क) महाशाखा प्रमुख, ♣<u>आयोगको</u> प्रमाणपत्र छानबिन गर्ने महाशाखा -संयोजक

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

▽ पहिलो संशोधनद्वारा झिकिएको।

(ख) उपसचिव, *आयोगको प्रमाणपत्र छानबिन गर्ने महाशाखा -सदस्य

(ग) अधिकृतस्तरको प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र -सदस्य

(घ) अधिकृतस्तरको प्रतिनिधि, राष्ट्रिय परीक्षा बोर्ड -सदस्य

(ङ) शाखा अधिकृत, *आयोगको प्रमाणपत्र छानबिन गर्ने महाशाखा -सदस्य-सचिव

(४) समितिले विदेशस्थित शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र सम्बन्धित शैक्षिक संस्थाको सूचना प्रविधि प्रणालीमा राखिएको अनलाइन प्रमाणपत्रको विवरणसँग भिडे वा नभिडेको यकिन गरी सोको प्रतिवेदन आयोगको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) र उपदफा (४) बमोजिम सम्बन्धित शैक्षिक संस्थाको सूचना प्रविधि प्रणालीमा रहेको विवरणसँग प्रमाणपत्र नभिडेमा दफा ३ को उपदफा (२), (३) वा (४) बमोजिम प्रमाणीकरणको लागि सम्बन्धित शैक्षिक संस्थामा पठाउनु पर्नेछ।

(६) समितिको सचिवालय आयोगको शैक्षिक प्रमाणपत्र छानबिन हेर्ने महाशाखामा रहनेछ।

(७) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य सामान्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

*५. **शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र झिकाउने**ः (१) झुट्टा भनी प्रमाणित भएको प्रमाणपत्रको सम्बन्धमा विस्तृत अनुसन्धान गर्दा त्यस्तो प्रमाणपत्र र सो प्रमाणपत्रको आधारमा प्राप्त भएका अन्य प्रमाणपत्रको सक्कल प्रति झिकाई अनुसन्धान अधिकृतले मिसिलसाथ राखी सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(२) आयोगबाट आरोपपत्र दायर गर्ने निर्णय भएमा उपदफा (१) बमोजिमको सक्कल प्रमाणपत्र प्रमाणको रुपमा आरोपपत्रसाथ विशेष अदालतमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आरोपपत्र दायर भएको जानकारी अभिलेखीकरणको लागि आयोगको कानून तथा निर्णय कार्यान्वयन सम्बन्धी काम गर्ने महाशाखामा समेत लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम आरोपपत्र दायर गरेपछि सोको जानकारी त्यस्तो झुट्टा प्रमाणपत्रको आधारमा अन्य प्रमाणपत्र जारी गर्ने सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिमको आरोपपत्र उपर अदालतबाट अन्तिम फैसला भएको जानकारी प्राप्त भएपछि आयोगको कानून तथा निर्णय कार्यान्वयन सम्बन्धी काम गर्ने महाशाखाले उपदफा (४) बमोजिमको प्रमाणपत्रको हकमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) नेपालस्थित शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र प्रचलित कानून बमोजिम गर्नको लागि सम्बन्धित संस्थामा लेखी पठाउने,

(ख) अन्य देशस्थित शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र कानून बमोजिम गर्न सोही संस्थामा लेखी पठाउन त्रिभुवन विश्वविद्यालय वा राष्ट्रिय परीक्षा बोर्डमा लेखी पठाउने।

---

* पहिलो संशोधनद्वारा संशोधित।

*६. **सम्बन्धित निकायमा पठाउन सकिनेः** शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने निकायले यकिन गर्न नसकेको वा छानबिनको क्रममा तथ्य र प्रमाण फेला नपरी प्रमाणीकरण हुन नसकेको पाँच वर्ष भन्दा पुरानो देहाय बमोजिमको उजुरीलाई सम्बन्धित मन्त्रालय वा निकायमा लेखी पठाउन सकिनेछः-

(क) शैक्षिक योग्यता नतोकिएको राष्ट्रसेवकको प्रमाणपत्र सम्बन्धी उजुरी,

(ख) विभिन्न धार्मिक शिक्षा प्रदायक संस्थामा कार्यरत शिक्षकको प्रमाणपत्र सम्बन्धी उजुरी,

(ग) तालिम वा अनुभवको प्रमाणपत्र सम्बन्धी उजुरी,

(घ) शिक्षक सेवा आयोगले अध्यापन अनुमतिपत्र जारी गर्नुपूर्व प्राप्त गरेको अध्यापन अनुमतिपत्र सम्बन्धी उजुरी,

(ङ) आयोगले आवश्यक देखेको अन्य त्यस्तै प्रकृतिको उजुरी।

*७. **छानबिन गर्नेः** दफा ६ बमोजिम सम्बन्धित मन्त्रालय वा निकायमा लेखी पठाइएको उजुरीको सम्बन्धमा थप तथ्य र प्रमाण फेला परेमा आयोगले जुनसुकै बखत छानबिन गर्न सक्नेछ।

८. #.......

९. **प्रचलित कानून बमोजिम हुने**ः यस कार्यविधिमा लेखिएबाहेकको अन्य विषयको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१०. **खारेजी र बचाउः** (१) शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान कार्यनीति, २०८० खारेज गरिएको छ।

(२) शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान कार्यनीति, २०८० बमोजिम भए गरेको कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

# पहिलो संशोधनद्वारा खारेज।